प्रकाशन : नेपाल अपाङ्ग मानव अधिकार केन्द्र (डि. एच. आर. सी.)

प्रकाशन सहयोग : ओ. एस. एफ.

यू. के. एड. / डी. डी. पी.

सेटिङ लेआउट : नेपाल अपाङ्ग मानव अधिकार केन्द्र (डि. एच. आर. सी.)

संस्करण : पहिलो (२०६९)

प्रकाशनको प्रकार : अनौपचारिक जानकारीको लागि

कभर डिजाइनिङ : क्रिएटिभ एज

मुद्रण : सनराइज अफसेट प्रेस



सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी

माननीय न्यायाधीश श्री कमलनारायण दास

आदेश

068-WO-0188

विषयः- परमादेश समेत ।

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको तर्फबाट एवम् आफ्नो हकमा समेत बर्दिया जिल्ला कालिका गा.वि.स.वडा नं. ३ मयुरवस्ती स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल सरस्वतीनगर बस्ने अधिवक्ता सुदर्शन सुवेदी.....१

भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ६ वस्ने दिपेन्द्र शाक्य.....१

<u>विरुद्ध</u>

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार काठमाडौं.....१

नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरवार काठमाडौं..१

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरवार काठमाडौं.....१

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार काठमाडौं.....१

नेपाल सरकार, शिक्षा मन्त्रालय, केशरमहल काठमाडौं.....१

नेपाल सरकार, स्थानीय विकास मन्त्रालय, पुल्चोक ललितपुर.....१

राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाडौं.....१

व्यवस्थापिका संसद सचिवालय, सिंहदरवार काठमाडौं.....१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा, ३२ र १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत रिट निवेदन सहितको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, २०५६ सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई अपाङ्गता भएको व्यक्तिहरुको नेतृत्वमा सञ्चालित गैरसरकारी संस्था हो । यस संस्थाले अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि निरन्तर रुपमा क्रियाशिल भई कार्य गर्दै आइरहेको र अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार तथा मानव अधिकारको सवालमा सामाजिक जनचेतना, न्यायिक आवाज, वकालत तथा प्रवर्द्धनका कार्यहरु गर्दै आइरहेको छ ।

रिट निवेदक मध्येको म दिपेन्द्र शाक्य आफू स्वयं अति अशक्त अपाङ्गता भएको व्यक्ति हुँ । म आफू अति अशक्त अपाङ्गता भएको व्यक्ति भएता पनि आफ्नो र म जस्तै अन्य अपाङ्गता भएका व्यक्तिहरुको न्यायिक अधिकारका लागि आवाज उठाउँदै आएको छु । तसर्थ अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको तर्फबाट निवेदन दायर गर्ने हकदैया हामी निवेदकहरुलाई रहे भएकै व्यहोरा निवेदन गर्दछौं ।

नेपालमा सुस्त मनःस्थिति (बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु) र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको जीवन दिन प्रतिदिन अत्यन्तै दयनीय बन्दै गईरहेको अवस्था छ । बौद्धिक अपाङ्गता र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको बारेमा राष्ट्रका हरेक निकायले प्रदान गर्नु पर्ने सेवा सुविधाहरु प्रदान नगर्नु र सम्बन्धित निकायमा यस्ता व्यक्तिहरुको आवाज तथा माग पुर्‍याइ दिने माध्यम नहुनु एवं स्वयं आफूमा पहुँच हुन नसक्नुको कारणले नेपालमा सुस्त मनःस्थिति (बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु) र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको जीवन दिन प्रतिदिन अत्यन्तै दयनीय बन्दै गएको छ भन्ने तथ्यमा दुई मत छैन।

अपाङ्गता संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम ८ ले अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई केन्द्र विन्दु बनाई अपाङ्ग घरको स्थापना र सञ्चालन गरिने व्यवस्था गरेको छ । अशक्त र असहाय अपाङ्गहरुका लागि सुरक्षित आवासको व्यवस्था गर्न अपाङ्ग घर सञ्चालनमा ल्याउनु पर्ने भन्ने कानूनी व्यवस्थाले म रिट निवेदक दिपेन्द्र शाक्य र म जस्ता अन्य अपाङ्गलाई घर परिवार एवं समाजबाट हुन

सक्ने अपहेलनाको शिकारबाट मुक्ति दिलाई मानव भई मानवको रुपमा जिउनको लागि राज्यले आफ्नो नागरिकको जिउ ज्यान धनको सुरक्षा एवं संरक्षण दिने एक पवित्र उद्देश्य रहेको देखिन्छ । यसै गरी स्थानीय स्वायत्त शासन ऐनमा पनि अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने, अपाङ्ग घर निर्माण गर्ने व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण तथा कल्याण सम्बन्धी नियमावली, २०५१ लागू भए पनि कार्यान्वयनतर्फ निस्कृयतुल्य छ ।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी Convention on the Rights of Persons with Disabilities र Optional Protocol to the Convention on the Rights of Persons with Disabilities २००६ लाई हस्ताक्षर गरी सो समेतबाट कानूनी अधिकारहरुको सिर्जना भएको छ ।

नेपालमा विभिन्न संघ संस्थाहरुले गरेका अध्ययन अनुसन्धानबाट ६ लाखको संख्यामा बौद्धिक अपाङ्गता (सुस्त मनःस्थिति) र त्यति नै संख्यामा अति अशक्त अपाङ्गता रहेको भन्ने छ । बौद्धिक अपाङ्गता र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको जीवन झन दिन प्रतिदिन दयनीय र चिन्ताजनक बन्दै गएको छ ।

बौद्धिक अपाङ्गता भएका व्यक्ति र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुले सामान्य भत्ता बाहेक खास राहत प्राप्त गर्न नसकेको कारणले गर्दा कतिपय अपाङ्ग भएकाको दैनिक जीवन दयनीय अवस्थामा रहेको भन्ने तथ्य २०६६ भाद्र १६ गते कान्तिपुरको समाचार समेतबाट प्रष्ट गर्दछ ।

अतः विपक्षीहरुले आफ्नो संवैधानिक तथा कानूनी कर्तव्य पुरा नगरकाले अपाङ्गता भएका व्यक्तिहरुको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, सामाजिक सुरक्षाको हक समेत हनन हुन गई अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ४, ५ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम ८ को विपरित छ । अपाङ्ग व्यक्तिहरुको हक हित तथा सामाजिक सुरक्षासँग प्रत्यक्ष सरोकार तथा सम्बन्ध राख्ने कानून प्रदत्त अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम ८ अनुसार बेसहारा र कोहि नभएका वा हकवाला वा संरक्षक भए पनि निजहरुबाट उपेक्षित भएका तथा गरिएका अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई सुरक्षित र सामुदायिक आवासीय भवन निर्माण

गरी महिला र पुरुषलाई छुट्टा छुट्टै आवासीय भवनमा राख्ने उचित व्यवस्था गरी कार्यान्वयनमा ल्याउनु, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका हकवाला तथा परिवारबाट उपेक्षित भई सामुदायिक घरमा बस्ने व्यवस्था गराउनु, सार्वजनिक भौतिक संरचना (सरकारी भवन तथा कार्यालय) र सार्वजनिक यातायातका साधनहरुमा अपाङ्गता मैत्री ह्वीलचियर समेत जान सक्ने व्यवस्था गर्नु, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई दैनिक जीवन गुजारा गर्न पुग्ने अनिवार्य बेरोजगार भत्ताको व्यवस्था गरी रोजगारी गर्न सक्नेलाई उनीहरुको अवस्था सुहाँउदो उत्पादनशील तालिम तथा रोजगारको व्यवस्था गर्नु, विभिन्न किसिमका प्राकृतिक विपत्ति आई पर्दा राज्यले अपाङ्गता क्षेत्रमा पनि अति अशक्त र बौद्धिक अपाङ्गताहरुलाई कसरी बचाउने भन्ने विशेष किसिमको नीति तयार गरी लागू गर्नु, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक अवस्था अनुकुलको औपचारिक र अनौपचारिक व्यवहारिक शिक्षाको व्यवस्था गर्नु, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको लागि सामुदायिक आवासीय भवन निर्माण गरी अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिको पुर्नस्थापित नभएसम्मको लागि निजहरुलाई दैनिक रुपमा जीवनयापन गर्न पुग्ने अपाङ्गता भत्ता र एकजना सहयोगी राख्ने व्यवस्था गरी नीजलाई समेत तलव भत्ता दिने व्यवस्था गर्नु, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु तथा समग्र अपाङ्ग व्यक्तिहरुको हक संरक्षण गर्नका लागि नेपालको अन्तरिम संविधान, २०६३ तथा अपाङ्गता भएका व्यक्तिहरुको हक संरक्षण सम्बन्धी माथि उल्लिखित सन्धी सम्झौता बमोजिम कानून निर्माण गर्नु र हाल भैरहेका अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ तथा नियमावली २०५१ महासन्धीको मर्म अनुसार पुनर्लेखन गरी लागू गर्नु गराउनु भनी प्रत्यर्थीहरुका नाममा परमादेश समेत जारी गरी पाउँ भन्ने रिट निवेदन माग दावी ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनि रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पठाई लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु । साथै विषयबस्तुको संवेदनशिलतालाई हेर्दा प्रस्तुत मुद्दालाई अग्राधिकार दिई पेशीमा चढाउनु भन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट २०६८।५।१८ मा भएको आदेश ।

हालै गरिएको राष्ट्रिय जनगणना २०६८ बाट प्रत्येक परिवारमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको विवरण लिने कार्य केन्द्रिय तथ्याङ्क विभागबाट सम्पन्न भै उक्त तथ्याङ्कको प्रशोधन तथा विश्लेषण कार्य भैरहेको हुदाँ सो कार्य पूरा भएपछि नेपालभर रहेका अपाङ्गता भएका व्यक्तिहरुको संख्या यकिन हुने नै छ ।

अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा त्रि-वर्षीय योजना (२०६७/०६८-२०६९/०७०) मा नेपाल सरकारले लिने रणनीति, कार्यनीति र प्रमुख कार्यक्रमहरु लगायतका सम्बन्धमा उल्लेख गरिएको छ । जुन यस आयोगले प्रकाशित गरेको त्रि-वर्षीय योजना पुस्तकको पेज नं. २८५ देखि २८८ सम्ममा रहेको छ । त्रि-वर्षीय योजनामा उल्लेख गरिए अनुरुप सम्बन्धित निकायबाट काम कारवाही हुने गरी अपाङ्गता भएका व्यक्तिहरुलाई मुलधारमा राखी योजना समेत तयार गरिएको हुदाँ रिट निवेदन खारेजभागी छ भन्ने राष्ट्रिय योजना आयोगको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

शिक्षा मन्त्रालयबाट प्रशासन हुने शिक्षा नियमावली, २०५९ को परिच्छेद ११ अन्तर्गत नियम ६०-६६ सम्म विषेश शिक्षा सम्बन्धी व्यवस्था अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाई विषेश व्यवहार गर्ने कुरालाई आत्मसात गरिएको छ । यो मन्त्रालय अपाङ्गता भएका व्यक्तिहरुका हकमा संवेदनशील रहेको र विपक्षी निवेदकले यो निवेदनपत्रको प्रकरण १० ङ मा दावी गरे जस्तो अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक अवस्था अनुकूलको औपचारिक र अनौपचारिक व्यवहारिक शिक्षा व्यवस्था गर्नेतर्फ आगामी दिनहरुमा आवश्यक व्यवस्था गरिने छ । अन्य सार्वजनिक सेवा जस्तै शिक्षा सेवामा पनि अपाङ्गता भएका व्यक्तिहरुलाई निश्चित प्रतिशत आरक्षणको व्यवस्था हालै गरिएको शिक्षक सेवा आयोग नियमावली, २०६७ द्वारा गरिएको छ । मन्त्रालय विपक्षी निवेदकको चासोप्रति सजग रहेकोले विपक्षीको दावीबाट फुर्सद पाउन अनुरोध छ भन्ने समेत विपक्षी शिक्षा मन्त्रालयबाट यस अदालतमा पेश भएको लिखित जवाफ ।

अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न यस मन्त्रालय सदैब प्रयत्नशील रहेको छ । जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७, नगरपालिका अनुदान सञ्चालन कार्यविधि, २०६७ र गाउँ विकास अनुदान सञ्चालन कार्यविधि, २०६७ मा जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको कोषको कूल पूँजीगत बजेटबाट लक्षित समूह एवं क्षेत्र तथा नेपाल

सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकेको वर्ग एवं समूदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/ आयोजनाहरुमा लगानी गर्नका लागि न्युनतम पन्ध्र प्रतिशत बजेट विनियोजन गर्नुपर्ने व्यवस्था गरी कार्यान्वयन गर्दै आइरहेको छ । स्थानीय स्वायत्त शासन ऐनमा भएको कानूनी व्यवस्था बमोजिम स्थानीय निकायले अपाङ्गता भएका व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता गर्ने, त्यसको दर्ता प्रमाणपत्र दिने, अपाङ्ग भत्ता लगायतका सामाजिक सुरक्षा भत्ता वितरण गर्ने इत्यादि कार्यहरु गर्दै आइरहेको छ । त्यसैगरी स्थानीय निकायहरुबाट अपाङ्गता भएका व्यक्तिहरुको लागि सामुदायिक भवन निर्माणको कार्य भइरहेको र तिनीहरुको क्षमता अभिबृद्धिका लागि सीपमूलक तालिम, सचेतना सम्बन्धी गोष्ठी, सेमिनार इत्यादि लगायतका धेरै कार्यहरु सम्पादन हुँदै आइरहेको छ । निवेदनमा उल्लिखित कार्यकारिणीको अधिकारक्षेत्र भित्रको विषयलाई न्यायिक निरुपणको विषय बनाउन शक्ति पृथकीकरणको सिद्धान्त समेतका आधारमा मिल्दैन भन्ने समेत स्थानीय विकास मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय आफ्नो स्थापना कालदेखि नै आफ्नो स्रोत साधनले भ्याएसम्म महिला, बालबालिकाको हक, हित एवं कल्याणको क्षेत्रमा सतत् प्रयत्नशील रहँदै आएको छ भन्ने समेत विपक्षी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

विपक्षीले नेपाल पक्ष भएका सन्धी सम्झौता अनुकूल कानून बनाई लागू गर्नु भनी जिकीर लिनु भएको सम्बन्धमा के कस्तो कानून बनाउने, संशोधन गर्ने वा खारेज गर्ने भन्ने विषय व्यवस्थापिका संसदको क्षेत्राधिकारभित्र पर्ने विषय भएकोले असम्बन्धित विषयमा यस मन्त्रालय समेतलाई विपक्षी बनाई दिएको, रिट निवेदन खारेजभागी छ ।आर्थिक वर्ष २०६८/०६९ को बजेट वक्तव्यमार्फत अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर र सडक निर्माण तथा संभार दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । साथै यस्ता व्यक्तिहरुको हक हित तथा सुविधाको लागि राज्यले आफ्नो क्षेत्र र साधनले भ्याएसम्म भविष्यमा पनि विभिन्न कार्यक्रम ल्याई उनीहरुलाई सुविधा प्रदान गर्न सदा तत्पर नै रहने हुँदा विपक्षीले लिएको जिकीर खारेज गरी पाँउ भन्ने अर्थमन्त्रालयको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ र नेपाल पक्ष रहेको Convention on the Rights of Persons with Disabili-

ties र Optional Protocol to the Convention on the Rights of Persons with Disabilities, 2006 को अक्षरशः कार्यान्वयन हुनुपर्ने भन्ने निवेदकको दावी र भावनासँग यस सचिवालयको पूर्ण सहमती छ । Convention on the Rights of Persons with Disabilities र Optional Protocol to the Convention on the Rights of Persons with Disabilities, 2006 को मर्म अनुसार अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को पुनर्लेखन गर्नु पर्ने भन्ने निवेदकको दावी सम्बन्धमा नेपालले अनुमोदन गरेको कुनै अन्तर्राष्ट्रिय महासन्धिसँग नेपाल कानून बाँझिएको अवस्थामा बाँझिएको हदसम्म महासन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने र नेपाल कानूनको व्यवस्था अमान्य हुने व्यवस्था नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा रहेकोले उक्त महासन्धि कार्यान्वयनमा कुनै अवरोध रहेको देखिदैन । साथै कुनै नियमको व्यवस्थालाई संशोधन गर्नु परेमा जुन निकायले निर्माण गरेको नियम हो सोही निकायले संशोधन गरी परिमार्जन गर्न सक्दछ । नेपाल ऐनको संशोधन गरी परिमार्जन गर्नु परेमा नेपाल सरकार वा व्यवस्थापिका-संसदको कुनै सदस्यले यस सम्बन्धी विधेयक व्यवस्थापिका-संसदसमक्ष प्रस्तुत गर्नुपर्ने हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्थापिका-संसद तथा सचिवालयलाई कुनै विधेयकको मस्यौदा गरी सदनमा लैजाने अधिकार प्रदान नगरेको हुँदा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, परिमार्जन भएन भनेर यस सचिवालयलाई विपक्षी बनाई रिट दायर गर्नुको कुनै औचित्य नहुँदा यस सचिवालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरीपाँउ भन्ने व्यवस्थापिका संसद सचिवालयका तर्फबाट यस अदालतमा प्रस्तुत भएको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्थित मौलिक हकहरु अपाङ्गता भएका नागरिकहरुलाई समेत समान रुपमा प्रचलनको सुनिश्चितता प्रदान गर्ने, गराउने कुरामा नेपाल सरकार प्रतिवद्ध रहेको छ । यसै प्रयोजनको लागि अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ तथा नियमावली २०५१ जारी गरिएका छन् । नेपाल सरकारले निजामती सेवा लगायत सार्वजनिक सेवा, सुविधाको उपभोगमा अपाङ्गता भएका व्यक्तिहरुका लागि आरक्षण प्रदान गर्दै आएको छ । सम्मानित अदालतबाट रिट नं.३५८६ समेतका रिट निवेदनहरुमा निर्देशनात्मक एवं परमादेश जारी भएको सम्बन्धमा नेपाल सरकारबाट अन्धा, अपाङ्ग बहिरा तथा सुस्तमनःस्थिति भएका व्यक्तिलाई सार्वजनिक विद्यालय, महाविद्यालय र तालिम केन्द्रमा निःशुल्क भर्ना लिई अन्य कुनै पनि किसिमको शुल्क नलिने व्यवस्था मिलाईएको छ । अस्पताललाई अपाङ्ग मैत्री बनाउन विगत तीन

वर्षदेखि र्‍याम्प निर्माण गर्ने, अपाङ्गहरुलाई अत्यावश्यक औषधी निःशुल्क वितरण गर्ने, अस्पतालहरुबाट अपाङ्ग, असहायको लागि विषेश छुट एवं निःशुल्क उपचारको व्यवस्था र अपाङ्ग असहायहरुको सेवाको लागि गैरसरकारी संस्थाहरुलाई अनुदान दिने कार्यहरु भईरहेको, ५ विकास क्षेत्रमा अपाङ्गता सम्बन्धी सूचना तथा सशक्तिकरण केन्द्र HELP DESK स्थापना र संचालन गरिएको र दृष्टिविहिनहरुका लागि सुन्ने पुस्तकालय स्थापना र संचालन गरिएको छ । आ.ब २०६८।६९ मा ७५ जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुका लागि समूदायमा आधारित पुनर्स्थापना कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरुका लागि सचेतनामूलक कार्यक्रम, ३ विकास क्षेत्रमा आवसीय संरक्षण तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा संचालन, अपाङ्गता भएका व्यक्तिहरुका सहायक सामाग्री उत्पादनका लागि साझेदारी कार्यक्रम र अपाङ्गता परिचयपत्र वितरण अभिलेख व्यवस्थापन कार्यक्रम संचालन गरिएको भन्ने समेत प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

यस मन्त्रालयबाट अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यको श्रोत साधनले भ्याएसम्म अस्पतालमा अपाङ्ग मैत्री बनाउन विगत वर्षदेखिनै अस्पतालमा र्‍याम्प निर्माण गर्ने, अपाङ्गहरुलाई अत्यावश्यक औषधी निःशुल्क वितरण गर्ने, अस्पतालहरुबाट अपाङ्ग असहायको विशेष छुट एवं निःशुल्क उपचारको व्यवस्था र अपाङ्ग असहायहरुको सेवाको लागि गैरसरकारी संस्थाहरुलाई अनुदान दिने कार्य भैरहेको छ । यस मन्त्रालयबाट सम्मानपूर्वक बाँच्न पाउने हक जस्ता विपक्षी निवेदकहरुलाई प्रत्याभूत गरेको कुनै पनि मौलिक हक एवं संवैधानिक उपचारको हकमा आघात पुगेको छैन । रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत स्वास्थ्य जनसंख्या मन्त्रालयका तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसील अध्ययन गरियो । निवेदककातर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ताहरु श्री सुदर्शन सुवेदी र श्री मेजर थापाले अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, अपाङ्ग संरक्षण ऐन तथा नियमावली समेतले अपाङ्ग व्यक्तिहरुका लागि विभिन्न अधिकारको सुनिश्चितता गरेको छ । ती व्यवस्थालाई व्यवहारिक रुप दिएको छैन । सामान्य अपाङ्गका लागि केहि व्यवस्था गरिएको भए पनि अति अशक्त व्यक्तिका लागि सरकारको तर्फबाट केही व्यवस्था हुन सकेको छैन । अपाङ्ग संरक्षण तथा कल्याण

नियमावली, २०५१ को नियम ८ ले अति अपाङ्ग अशक्त व्यक्तिका लागि घरको व्यवस्था गरेको छ । तर हालसम्म त्यस्तो घरको निर्माण गरिएको छैन । अपाङ्ग मैत्री सडक एवं सरकारी भवन समेतको व्यवस्था गरिएको छैन । यसको लागि सरकार, स्थानीय निकाय, र नगरपालिका समेतको दायित्व रहन्छ । त्यो पूरा गर्ने गरिएको छैन । मन्त्रिपरिषद कार्यालयको लिखित जवाफमा भएका भनिएका कार्यहरु पर्याप्त छैनन । अति अशक्त व्यक्तिको संरक्षक मरेपछि निजको संरक्षण कसले गर्ने भन्ने व्यवस्था गरिएको छैन । अपाङ्गको सामाजिक सुरक्षा, खानपिन, शिक्षा एवं हेरचाहको व्यवस्था पनि गरिनु पर्ने हुँदा निवेदन माग बमोजिम आदेश जारी गरीपाँउ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित रहनु भएका विद्वान सह-न्यायाधिवक्ता श्री धर्मराज पौडेलले अपाङ्ग व्यक्तिका सम्बन्धमा धेरै कल्याणकारी कार्यहरु सरकारी स्तरबाट भएको कुरा प्रधानमन्त्री कार्यालयको लिखित जवाफमा उल्लेख गरिएकै छ । समाज कल्याण मन्त्रालयबाट अपाङ्गको परिभाषा गर्नुका साथै अपाङ्गताको निर्धारण गरिएको छ । नेपालको अन्तरिम संविधानमा द्वन्द्वकालमा अपाङ्ग भएका मानिसहरुको राहतको व्यवस्था गरिएको छ । चालु त्रिवर्षीय योजनामा पनि अपाङ्गता कल्याणको सम्बन्धमा योजनाहरु कार्यान्वयनमा रहेका छन् । अस्पताल एवं सरकारी कार्यालयहरुलाई अपाङ्ग मैत्री बनाउने व्यवस्थाको शुरुवात गरिएको छ । बोल्ने सफ्टवेयर डेज समेतको निर्माण गरिएको छ । हाल व्यवस्थापिका-संसद नभएको कारण महासन्धी अनुरुप अपाङ्ग कल्याण ऐन पुनर्लेखन गर्न सम्भव छैन । अपाङ्ग घर निर्माण लगायतका कार्यका लागि राज्यले आफ्नो क्षमता अनुसार गर्ने भएकोले रिट निवेदन खारेज गरीपाउँ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

यसमा निवेदन माग दावी हेर्दा निवेदकहरु नेपाल अपाङ्ग मानव अधिकार केन्द्र र अति अशक्त अपाङ्ग दिपेन्द्र शाक्यले अपाङ्गहरुको हकहित र राज्यभित्र बसोवास गर्ने हरेक नागरिकहरुले विना भेदभाव राज्यबाट प्रदत्त अधिकारहरु सहज रुपमा उपभोग गर्न पाउनु पर्दछ । Convention on the Rights of Persons with Disabilities र Optional Protocol to the Convention on the Rights of Persons with Disabilities 2006, लाई नेपाल सरकारले अनुमोदन गरी लागू गरिसकेको अवस्थामा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ तथा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ अपूर्ण भएको र लागू भए पनि कार्यान्वयन निस्क्रिय रहेको छ । अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को

नियम ८ ले अपाङ्ग घरको स्थापना र संचालन गरिने व्यवस्था भए पनि त्यसरी घर समेत संचालन हुन सकेको छैन । यसबाट संविधानको धारा १२(१) द्धारा प्रदत्त बाँच्न पाउने हक धारा १३ ले प्रदत्त समानता र संरक्षण समेतको हकबाट अपाङ्गहरु बञ्चित भएका छन् । तसर्थ अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि सामुदायिक आवासीय भवन निर्माण गर्ने, सार्वजनिक भौतिक संरचना र यातायातका साधनहरुमा ह्वीलचियर समेत जान सक्ने गरी निर्माण गर्ने, बेरोजगार भत्ता, प्राकृतिक विपत्ती आई पर्दा राज्यले अपाङ्गहरुलाई बचाउने नीति तयार गर्ने, व्यवहारिक शिक्षा लागू गर्ने र अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुरुप अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ एवं नियमावली, २०५१ पुनर्लेखन गर्नु भनी आदेश जारी गरी पाउँ भन्ने समेत निवेदन मागदावी लिएको देखियो ।

यस अदालतबाट जारी भएको विभिन्न निर्देशनात्मक आदेश समेतको परिप्रेक्ष्यमा अस्पताललाई अपाङ्ग मैत्री बनाउन विगतदेखि र्‍याम्प निर्माण गर्ने, अपाङ्गहरुलाई आवश्यक औषधी निःशुल्क वितरण गर्ने, अस्पतालहरुबाट अपाङ्ग असहायको लागि विशेष छुट एवं निःशुल्क उपचारको व्यवस्था र अपाङ्ग असहायहरुको सेवाको लागि गैरसरकारी संस्थाहरुलाई अनुदान दिने कार्य भइरहेको भन्ने समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतबाट प्रस्तुत भएको लिखित जवाफबाट देखिन आउँछ ।

माथि उल्लेखित रिट निवेदन माग दावी विपक्षीको लिखित जवाफ र विद्धान कानून व्यावसायीहरुले गर्नुभएको बहस जिकीर समेत सुनी हेर्दा निवेदकहरुको मागदावी बुँदागत रुपमा निम्नानुसार रहेको देखिन्छः-

१. अपाङ्ग तथा बौद्धिक अपाङ्गता समेत भएका व्यक्तिहरुलाई राज्यले दैनिक भत्ता र विशेष सुविधा दिनु पर्ने ।

२. अति अशक्त अपाङ्गहरुको लागि आवासीय घरको निर्माण गरी सञ्चालन गर्नु पर्ने ।

३. प्रचलित ऐन, नियम प्रभावकारी ढंगले लागू गर्नु पर्ने र

४. अपाङ्ग सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतानुसार नेपालको ऐन, नियम अद्यावधिक गर्न संशोधन वा पुनर्लेखन गरी लागू गर्नु पर्ने ।

निवेदकहरुको उक्त माग दावीलाई ध्यानमा राख्दै निम्न प्रश्नहरुको निरोपण गर्दै निर्णय गर्नु पर्ने देखियो ।

१. अपाङ्गहरुलाई भत्ता र विशेष सुविधा दिनु पर्ने एवम् अति अशक्तहरुका लागि आवासीय घर निर्माण गरी सञ्चालन गर्न परमादेश जारी गर्नु पर्ने हो, होइन?

२. प्रचलित कानूनी व्यवस्था र यसको कार्यान्वयन प्रभावकारी छ, छैन ?

३. निवेदकहरुको माग दावीलाई दृष्टिगत गर्दै के, कस्तो आदेश जारी गर्नु पर्ने हो ?

सर्वप्रथम पहिलो प्रश्नको सम्बन्ध बिचार गर्दा, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिता गरेको छ । यस अधिकारको प्रचलनको लागि आधारभूत मानवीय आवश्यकताको परिपूर्तिका साथै सम्मानजनक ढंगले बाँच्नका लागि थप आवश्यक भौतिक सुविधा चाहिने हुन्छ । राज्यद्धारा त्यसको सुनिश्चितता गरिनुपर्ने कुरामा दुई मत रहदैन । संविधानको धारा १३ ले सबै नागरिकलाई समानताको हक प्रदान गरेको छ । यसबाट जस्तोसुकै शारीरिक वा सामाजिक हैसियत र अवस्थाका भए पनि नागरिकहरु समान छन् र मानिस-मानिस बीच बिभेदको अवस्था रहनुहुँदैन भन्ने मान्यतालाई आत्मसात गरिएको छ । सोही धारा १३(३)को प्रतिवन्धात्मक वाक्यांशमा **"तर महिला, दलित, आदिवासी, जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्धारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन"** भन्ने समेत संवैधानिक व्यवस्था रहेको देखिन्छ । सोही संविधानको धारा १८ ले प्रत्येक नागरिकलाई रोजगारी तथा सामाजिक सुरक्षाको हक प्रत्याभूत गरेको छ र धारा १८(२) मा महिला, श्रमिक, बृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भन्ने विशेष संवैधानिक हकको प्रत्याभूति गरिएको पाइन्छ ।

अन्तरिम संविधानमा व्यवस्थित राज्यको दायित्व अन्तर्गत धारा ३३ को खण्ड (घ१) ले मधेशी, दलित, आदिवासी, जनजाति, महिला, मजदूर, किसान, पिछडिएको वर्गका मानिसका साथै अपाङ्गलाई पनि मुलुकको राज्य संरचनाका सबै अंगहरुमा समानुपातिक

आधारमा सहभागी गराउने कुरालाई राज्यले आफ्नो दायित्वको रुपमा स्वीकार गरेको छ । त्यसैगरी राज्यले अबलम्बन गर्ने नीति अन्तर्गत अरु कुराहरुका अतिरिक्त संविधानको धारा ३५ (९)मा **"राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने"** भन्ने समेत उल्लेख भएको देखिन्छ । यसका साथै धारा ३५(१७) मा बृद्ध, अशक्त, महिला तथा बेरोजगारलाई कानूनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गरिने कुरा पनि उल्लेख गरिएको छ । यी संवैधानिक व्यवस्थाले राज्यलाई अपाङ्गहरुको आधारभूत आवश्यकताको पूर्तिको अतिरिक्त सम्मानपूर्वक (तिनीहरुको) बाँच्न पाउने हकलाई सुनिश्चतता प्रदान गर्नका लागि विशेष व्यवस्था गर्न समेत निर्देश गरेको पाइन्छ ।

यस संवैधानिक व्यवस्थालाई व्यवहारिक रुप प्रदान गर्न गरिएको प्रचलित कानूनी व्यवस्था तर्फ हेर्दा धेरै वर्ष अगाडि बनेको अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा १०(१) मा **"घरबास नभएका अपाङ्गलाई आफ्नो घरबास बनाउन वा कुनै अपाङ्गलाई कृषि व्यवसायमा लाग्न जग्गा चाहिएमा नेपाल सरकारले प्रचलित कानून बमोजिम वितरण गरिने वा हाल आवादी गर्न दिइने जग्गा तोकिएको शर्त बन्देजको अधिनमा रहने गरी उपलब्ध गराइदिन सकिनेछ"** भनी अपाङ्गलाई सहुलियतको विशेष व्यवस्था गरेको पाइन्छ । सोही ऐनको दफा ११ मा अपाङ्गलाई परिवारका सदस्य, संरक्षक वा हकवालाले हेरविचार गरी पालन पोषण गर्नु पर्नेछ भन्ने व्यवस्था गरी परिवारका सदस्य वा आफन्तलाई विशेष कर्तव्य तोकेको पाइन्छ । यस ऐनलाई कार्यान्वयन गर्न बनेका अपाङ्ग संरक्षण र कल्याण नियमावली, २०५१ ले अरु कुराहरुका अतिरिक्त नियम ८ मा **"अपाङ्ग घरको स्थापना तथा संचालन सम्बन्धी"** व्यवस्था गरेको पाइन्छ ।

यसका साथै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८(१) को खण्ड (ट) को उपखण्ड (६) मा गा.वि.स. क्षेत्रभित्रमा असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरुको लगत राख्ने र तिनीहरुलाई उपयुक्त ठाँउमा राख्ने व्यवस्था गर्ने भनिएको पाइन्छ भने दफा १६ (१) को खण्ड (ञ) को उपखण्ड (१०) मा नगरपालिका क्षेत्रभित्र त्यस्तो अपाङ्गहरुलाई राख्ने व्यवस्था गरिने भन्ने र दफा १८९ (१) को खण्ड (च) को उपदफा (२) मा राष्ट्रिय नीति अनुरुप असहाय, महिला, बृद्ध, अपाङ्ग तथा अशक्तहरुको संरक्षण सम्बन्धी कार्य गर्ने भनी जिल्ला विकास समितिको कार्य तोकिएको पाइन्छ ।

नेपाल सरकार पक्ष भएको Convention on the rights of Persons with Disabilities को Article 28 ले प्रदान गरेको Adequate Standard of Living and Social Protection को अधिकार अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई "सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको पहुँचलाई सुनिश्चित गर्ने" (To ensure Persons with disabilities to Public housing programs) भनी उल्लेख समेत भएबाट राज्यले सार्वजनिक आवास कार्यक्रम संचालन गर्नुपर्ने र त्यसमार्फत अपाङ्गता भएका व्यक्तिको आवासको हक सुनिश्चित गर्नुपर्ने दायित्वलाई स्वीकार गरिएको पाइन्छ । यसलाई स्वीकार गर्दै नेपाल पनि यसको पक्ष भइसकेको स्थितिमा आफ्नो राष्ट्रिय कानूनी व्यवस्था (Domestic Legal Domain) अन्तर्गत व्यवहारमा परिणत गराउँदै यसको वास्तविक र प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नु पर्ने दायित्वबाट नेपाल र नेपाल सरकार पछि हट्न सक्ने स्थिति छैन ।

अपाङ्गता भएका व्यक्तिहरु सवलाङ्ग व्यक्तिको तुलनामा विशेष हेरचाहको आवश्यकता पर्ने व्यक्तिहरुको समूह हो भन्नेमा विवाद छैन । यस यथार्थलाई दृष्टिगत गर्दै उनिहरुको विशेष शारीरिक र मानसिक अवस्था अनुसार राज्यद्धारा सार्वजनिक स्थलमा यिनीहरुको सम्पर्क र पहुँचको अभिबृद्धि गराउन र रोजगारी सुनिश्चित गराउन विशेष पूर्वाधारको व्यवस्था गर्नुपर्ने हुन्छ । त्यसैले पनि संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशमा सामान्य नागरिक भन्दा फरक विशेष समुहभित्र पर्ने अपाङ्ग समेतका व्यक्तिका लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ । अपाङ्गता प्राकृतिक रुपमा जन्मजात वा जन्मिसकेपछि अन्य विभिन्न कारणबाट हुन सक्ने विशेष शारीरिक, मानसिक वा बौद्धिक अवस्था हो । अपाङ्गताबाट व्यक्तिको शारीरिक, मानसिक वा बौद्धिक क्षमतामा ह्रास आउने भएको कारण अपाङ्गले अन्य सक्षम, सवलाङ्ग वा सामान्य मानिस सरहको जीवन यापन गर्न कठिन हुन्छ । त्यसैले सामान्य मानिस भन्दा अपाङ्गहरूका लागि बढि र विशेष सुविधा एवं हेरचाहको आवश्यकता पर्दछ । यस कारण उनीहरूसँग रहेको शारीरिक क्षमता एवं मानसिक र बौद्धिक स्थितिको पहिचान गरी सामान्य मानिसमा भन्दा भिन्न रूपमा तिनिहरूसँग राज्यले व्यवहार गर्नु पर्दछ । उनीहरुलाई आफ्नो जीवन यापन गर्न सक्ने व्यवस्थाका लागि राज्यले आवश्यक भौतिक पूर्वाधार सहित विशेष कार्यक्रम संचालन गरिनु उसको दायित्व अन्तर्गत पर्दछ । यसको लागि अपाङ्ग र अशक्त वा अति अशक्तको पहिचान गरी उनीहरूलाई जीवन निर्वाहका लागि निर्वाह भत्ता वा विशेष सुविधा

सरकारले उपलब्ध गराउनु पर्ने भन्ने निवेदकहरूको माग दाबी अनुचित भन्ने देखिन आउँदैन ।

प्रचलित संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि पनि यस्ता वर्गको संरक्षण र कल्याणको लागि राज्यले विशेष व्यवस्था गर्नु आवश्यक छ । अपाङ्गहरू मध्येमा पनि कोही सामान्य अपाङ्ग हुन सक्छन् भने कोही बढी वा अति अशक्त अपाङ्गहरू छन् जसले खाना खानेदेखि आफ्नो नितान्त दैनिक क्रियाहरू गर्न पनि आफू सक्षम नभइ अरूको सहारा सेवा वा हेरचाहमा भर पर्नुपर्ने अवस्था रहेको हुन्छ । यस्ता अति अशक्त व्यक्तिहरूको सम्बन्धमा राज्यले उनीहरूको जीवनको अधिकार सुनिश्चित गर्न के गर्नु पर्दछ भन्ने कुराप्रति बढी गम्भीर हुनुपर्ने हुन्छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले अपाङ्ग घरको परिकल्पना गरेको छ। सो ऐनको दफा २ को खण्ड (ग) मा "अपाङ्ग घर" भन्नाले असहाय अपाङ्गहरूलाई पालन पोषण समेतको लागि व्यवस्था गरिएको घर सम्झनु पर्छ भनी परिभाषा गरेको छ । ऐनको दफा १० को उपदफा (८) ले वृद्ध अपाङ्ग तथा असहाय अपाङ्गलाई बसोबासको लागि अपाङ्ग घरको व्यवस्था गर्न र सो घरमा मनोरञ्जन तथा समय सुबिस्तासँग बिताउने साधनहरूको व्यवस्था गर्ने कुरा पनि उल्लेख गरेको छ । सोही ऐन कार्यान्वयनका लागि १२ वर्ष पछि बनेको अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम ८ ले पनि अपाङ्ग घरको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था गरेको छ । नियम ८(१) ले आवश्यकतानुसार विभिन्न क्षेत्रमा नेपाल सरकारले अपाङ्ग घरको स्थापना गर्न सक्ने र सो स्थापना नभएसम्म अरू कुनै घरलाई अपाङ्ग घरको रूपमा उल्लेख गर्न सक्ने व्यवस्था गरेको छ । नियम ९, १०, ११ र १२ ले अपाङ्ग घर सञ्चालन सम्बन्धी अरू व्यवस्था गरेको छ । ऐनको दफा १० ले अपाङ्गहरूलाई समाजमा पुनर्स्थापना, सामाजिक, साँस्कृतिक क्रियाकलापमा तिनिहरूको सहभागिता, रोजगारीको व्यवस्था एवं सो नभएसम्म वेकारी भत्ता, जीवनयापन भत्ता, कमाइ गरी खान नसक्ने वृद्ध र अपाङ्गलाई विशेष भत्ताको व्यवस्था पनि गरिएको पाइन्छ ।

यसरी अपाङ्गहरूका लागि आवासीय घरको आवश्यकता छ भन्ने कुरालाई महसुस गरी सो स्थापना गर्ने र सञ्चालन गर्ने व्यवस्था उल्लिखित ऐन, नियमले गरेको पाइन्छ । शारीरिक रूपले वा मानसिक रूपमा अति अशक्त अपाङ्गलाई निजको पालन पोषण वा संरक्षण गर्ने परिवार छैन वा परिवार भएपनि उचित ढंगले पालन पोषण गर्न नसकेमा वा सो गर्न सक्षम नभएमा वा पालन पोषण गर्न नचाहेको वा नगरेको वास्तविक स्थिति समेत

विचार गर्दा अति अशक्तहरूका लागि आवश्यकतानुसार आवासीय अपाङ्ग घरको निर्माण गर्नु र तिनको उचित ढंगले सञ्चालन गर्नु एवम् बेरोजगारी वा गरी खान नसक्ने अपाङ्गलाई भत्ताको व्यवस्था गर्नु अत्यन्त आवश्यक छ । यस्तो स्थितिमा अपाङ्ग घरको निर्माण र सञ्चालन तथा विशेष सुविधा वा भत्ताका लागि गरिएको माग दाबी पनि उचित कानूनसम्मत एवं न्यायपूर्ण देखिन्छ ।

अब दोस्रो प्रश्नको सन्दर्भमा विचार गर्दा नेपालको अन्तरिम संविधान २०६३ ले अपाङ्ग, अशक्तहरूका लागि गर्नु पर्ने भनी निर्दिष्ट गरेको व्यवस्था र Convention on the Rights of Persons with Disabilities र Optional Protocol to the Convention on the Rights of Persons with Disabilities 2006 लाई नेपाल सरकारले अनुमोदन गरी नेपाल पक्ष बनिसकेको अवस्थामा सो व्यवस्थालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र यस ऐन अन्तर्गत बनेको नियमावली २०५१ समेतको व्यवस्था पूर्ण सक्षम एवं प्रभावकारी छन् भनी भन्न सकिने स्पष्ट आधार छैन । ऐन र नियमले अपाङ्गहरूका सम्बन्धमा सबै कुरा समेट्न सकेको छैन । यसका साथै जे जति समेटिएको छ त्यसको पनि ठीक उचित र प्रभावकारी ढंगले कार्यान्वयन भइरहेको पाइएको छैन । अपाङ्गताको निर्धारण गरिएपनि त्यो ठीक ढंगले विस्तृत (comprehensive) र वास्तविक आधारमा हुन सकेको छैन । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ४ ले लक्षित गरेको अपाङ्गको हित संरक्षण पूर्णरूपले हुन सकेको छैन । प्रधानमन्त्री कार्यालय र समाज कल्याण मन्त्रालयबाट प्राप्त लिखित जवाफहरु हेर्दा यस सम्बन्धमा केही प्रारम्भिक कार्यहरूको थालनी मात्र गरिएको पाइन्छ । तर गर्नुपर्ने धेरै महत्वपूर्ण कुराहरू हुन सकेका छैनन् । ऐन नियमले गर्नुपर्ने भनी व्यवस्था गरेको अपाङ्ग घरको स्थापना भएको छैन । केही गैर सरकारी संस्थाहरूलाई सो सम्बन्धमा दिइएको अनुदान बाहेक सरकारी स्तरबाट अपाङ्ग घरको न निर्माण भएको छ न त सञ्चालन भएको छ । अपाङ्गहरूको शिक्षा सम्बन्धमा पनि केही अत्यन्त प्रारम्भिक कार्यहरू मात्र भएको छ जुन पर्याप्त छैन । त्यस्तै तालीम र रोजगारी तथा अपाङ्ग ऐनको दफा १० ले निर्दिष्ट गरेको सुविधा तथा सहुलियत पनि उचित र पर्याप्त किसिमले उपलब्ध गराइएको पाइँदैन ।

प्रचलित ऐन नियमका अतिरिक्त अपाङ्गहरूको कल्याण र संरक्षणका सम्बन्धमा यस अदालतबाट यस अगाडि पनि विभिन्न रिट निवेदनहरुमा अपाङ्ग कल्याणका सम्बन्धमा निर्देशनात्मक आदेशहरू जारी भएका छन् । संविधानको धारा १३(३) को

प्रतिबन्धात्मक व्यवस्था कार्यान्वयनका लागि र सार्वजनिक स्थल एवं अवसरमा अपाङ्गको सरल र सहज पहुँच हुन सक्ने गरी नीति र कार्यक्रम बनाउन (निवेदक विमला खड्का समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय २०६५ को रिट नं. ०४७८), अन्धा, अपाङ्गलाई निःशुल्क शिक्षा प्रदान गर्न (सुदर्शन सुवेदी समेत वि. श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालय समेत २०५७ सालको रिट निवेदन नं ३५८६), मा र अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को सेवा सुविधा प्रदान गर्न (निवेदक बाबुकृष्ण महर्जन वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत भएको रिट निवेदन २०६१ सालको रिट नं ३६६६) समेतका मुद्दामा यस अदालतबाट सो सम्बन्धी निर्देशनात्मक आदेशहरू भएका छन् ।

यस अदालतबाट पहिला भएका आदेशहरू र यस रिट निवेदनमा विपक्षीहरूद्वारा प्रेषित लिखित जवाफ समेतको अध्ययन गरी हेर्दा वर्तमान कानूनी व्यवस्था आजको समयमा अपाङ्ग कल्याण र संरक्षणका लागि पर्याप्त भएको भन्ने निष्कर्षमा पुग्न कठिन छ । यसका अतिरिक्त भइरहेको व्यवस्था पनि प्रभावकारी ढंगले लागू हुन सकेको पाइएको छैन । ऐनको दफा २० अनुसार अपाङ्ग सम्बन्धी प्रभावकारी, यथार्थपरक नीति र कार्यक्रमहरूको निर्माण भएको वा हुने गरेको छैन । यसबाट समाजको यस कमजोर वर्गप्रति राज्यले पुरा गर्नुपर्ने दायित्व पुरा गरेको भन्न मिल्ने अवस्था देखिन आउँदैन । यस अवस्थामा सुधारका लागि र अपाङ्ग र अशक्तहरूको वास्तविक हित संरक्षणका लागि हाम्रो कानूनी व्यवस्थामा सुधार, परिवर्तन र परिमार्जनको आवश्यकता छ । यो महत्वपूर्ण कुरा हो । उचित र समय सुहाउँदो अद्यावधिक कानूनी व्यवस्थाले सरकार र सरकारी निकायहरूलाई यस दिशामा संवेदनशील मात्र गराउने होइन, अपितुः सो अनुसारको जिम्मेवारी पुरा गर्न बाध्य गराउन सक्नुपर्दछ। त्यसैले विद्यमान कानूनी व्यवस्थामा आजको परिस्थितिमा अपाङ्गहरूको संरक्षण र कल्याण सम्बन्धी काम गर्न सरकार र सरकार सम्बद्ध अनेक निकायलाई बढी जिम्मेवार बनाउनका लागि यथोचित परिमार्जन गर्नुपर्ने देखिन्छ। सो नभएसम्म भइरहेको ऐन, नियमहरूको कार्यान्वयन प्रक्रियालाई बढी प्रभावकारी र परिणाममुखी बनाउँदै जानु आवश्यक छ ।

अब निवेदकहरूको माग दावीलाई दृष्टिगत गर्दै यस सन्दर्भमा के-कस्तो आदेश जारी गर्नु आवश्यक छ भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा संविधान र ऐन नियममा गरिएको व्यवस्थाहरू व्यवहारिक हुनु पर्ने र यस्ता व्यवस्थाहरू कार्यान्वयनका लागि हुन् भन्नेमा

विवाद छैन । तिनको प्रभावकारी कार्यान्वयनको ठोस उपाय एवं व्यवस्था गर्नु राज्यको र राज्य सञ्चालन गर्ने सरकार एवम् सरकारी संयन्त्रको दायित्व हो । संविधानको भाग ४ मा लेखिएको राज्यको दायित्व, निर्देशक सिद्धान्त र राज्यका नीतिहरू पनि शोभाका लागि शाब्दिक आभूषण मात्र होइनन् । संविधान निर्माताले तिनको आवश्यकता महसुस गरेर वर्तमान परिवेशमा राज्यले क्रमशः व्यवहारमा परिणत गर्दै जाने उद्देश्यकासाथ संविधानमा राखिएका हुन्। त्यसकारण भाग ४ को संवैधानिक व्यवस्थालाई पनि निष्कृय रूपले राखिरहनु संविधानको समष्टिगत व्यवस्था र संविधानको भावना (Constitutional Spirit) बमोजिम हुँदैन । तर यसका साथै संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामार्फत व्यक्त गरिएको प्रतिबद्धता व्यवहारमा परिणत गर्न सोही अनुरूपको अठोट, आचरण र भौतिक साधन, स्रोतको आवश्यकता पर्दछ । कुनै पनि अपाङ्गले संविधान, ऐन, कानून अनुसारको सुविधाबाट वञ्चित नहुनु र अन्तर्राष्ट्रिय प्रचलन एवं मापदण्ड अनुसारको सेवा सुविधा र हेरचाह प्राप्त गर्नु राष्ट्रिय गौरवको कुरा हो । यसलाई राज्यले र राज्यका सम्बद्ध प्रत्येक अङ्गले गम्भीरतापूर्वक लिनु पर्दछ । यो अत्यन्त संवेदनशील विषय हो । राज्य वा सरकारले तत्कालै गर्नै नसक्ने प्रतिबद्धता व्यक्त गर्नु हुँदैन र अदालतले पनि त्यस्तो आदेश जारी गर्न मिल्दैन ।

अदालत, संविधान र ऐन नियमको पूर्ण कार्यान्वयन गराउने तर्फ प्रतिबद्ध र संवेदनशील रही आएको छ । कानूनले स्पष्ट किटानी गरेको कुराहरूका अतिरिक्त कानूनको उद्देश्य र संविधानको मर्म एवं भावनालाई पनि व्यवहारिक रूप दिने, दिलाउने काममा यो अदालत सदैव सक्रिय, अग्रसर र प्रयत्नशील रही आएको छ । तर राज्यको एक अङ्ग भएकोले एक्लो हिँड्नु भन्दा राज्यका अन्य अङ्गहरूसँगको समन्वयमा सामञ्जयतापूर्ण ढंगले अदालती कामकारबाही भएमा मात्र जनतालाई न्याय प्राप्त हुन्छ र राज्य सञ्चालन विधिपूर्वक सम्पन्न हुन सक्दछ । तसर्थ यसतर्फ अदालत सदैव सजग रहँदै उचित न्यायिक संयम (Judicial restraint) को सिद्धान्तलाई पनि बेवास्ता गर्न मिल्दैन । यसको तात्पर्य यथास्थितिवादलाई जस्ताको तस्तै स्वीकार गर्नु वा अपाङ्गहरूको हकहितप्रति उदासिन हुनु वा न्यायिक अग्रसरताको स्थानमा न्यायिक निस्कृयताको बाटो अवलम्बन गर्नु भन्ने कदापि होइन । तर यस्तो स्थितिमा न्यायिक अग्रसरता र न्यायिक संयम दुबैलाई यथोचित ढंगले दृष्टिगत गर्नु र सन्तुलन राख्नु नै उपयोगी हुने कुरा निश्चित छ । अति न्यायिक अग्रसरता (Extreme Judicial Activism) वा अनावश्यक न्यायिक निष्कृयताको हदसम्म न्यायिक आत्म संयम (Judicial self restraint) अपनाउनु

दुबैले जनताको न्याय प्राप्त गर्ने मार्गमा अवरोधको सिर्जना गर्न सक्ने खतरा प्रति निर्णयकर्ता सधै सजग र सावधान रहनु पर्दछ ।

पर्याप्त अपाङ्ग घरको लागि भौतिक संरचना, र तिनको सञ्चालन, प्रत्येक सरकारी एवं सार्वजनिक कार्यालय र सार्वजनिक यातायातको साधन र बाटोमा ह्वीलचेयर र सो समेत जान सक्ने छुट्टै मार्ग (Track) को व्यवस्था गर्नु पर्ने भनी रिट निवेदकले माग गरेको देखिन्छ । अति अशक्तहरूका लागि नियमित भत्ता र तिनको हेरचाह गर्ने व्यक्तिका लागि पनि निर्वाह भत्ताको माग पनि गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगार लगायतमा अपाङ्गहरूको पहुँच लगायतका माग गरिएको देखिन्छ । यो मागहरूका सम्बन्धमा विचार गर्दा यसका लागि पर्याप्त पूर्वाधारको विकास गर्न राज्यले आफ्नो श्रोत र साधनले भ्याएसम्म क्रमशः यी मागहरू सम्बोधन गर्दै सोही अनुरूपको नीति र कार्यक्रम बनाउँदै लागू गर्दै जानु पर्ने हुन्छ । यसका लागि ठूलो भौतिक साधन र श्रोतको आवश्यकता पर्ने भएकोले यस्ता कार्यका सम्बन्धमा यस अदालतबाट समय सीमाबद्धरुपमा निरपेक्ष रूपले आदेश गर्दा त्यसको कार्यान्वयन समेत सम्भव हुँदैन । भौतिक साधन र श्रोतको अनुपलब्धता पनि त्यसमा बाधक बन्न सक्ने हुन्छ । यसर्थ यी निवेदकहरुले यस रिट निवेदनमा माग गरे जस्ता व्यापक कार्यहरू तत्कालै गर्नु भनी आदेश जारी गर्नु विवेकसम्मत र उपयोगी हुन सक्ने अवस्था देखिदैँन ।

यसरी समग्र परिस्थितिको गम्भीरतापूर्वक अध्ययन र समीक्षा गरी हेर्दा केही कुराहरू तत्कालै गर्नु आवश्यक देखिन्छ भने केही कुराहरू क्रमशः गर्दै जान पर्ने देखिन्छ । नेपाल सरकार र यसका विभिन्न अङ्गहरूबाट अपाङ्गहरूको हक, हितका लागि शिक्षा, स्वास्थ्य एवं सामाजिक सुरक्षाको क्षेत्रमा केही कार्यहरूको थालनी हुनु उत्साह वर्धक कुरा हो । तर त्यो अत्यन्त न्यून र अपर्याप्त छन् । यसर्थ यसप्रति बढी गम्भीर र बढी जिम्मेवार भएर देहायका कार्यहरू गर्न भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र अर्थ मन्त्रालयको नाममा परमादेश जारी गरिएको छ ।

गर्नुपर्ने कार्यहरुः-

अहिलेसम्म पहिचान र गणना भईसकेका अपाङ्गहरूलाई अपाङ्गताको अवस्था हेरी बेरोजगार र आयको श्रोत नभएका र वृद्ध अपाङ्गहरूलाई न्यूनतम मासिक रु. ५००/-

(पाँच सय) देखि रु. ३०००/- (तीन हजार) सम्म निर्वाह भत्ता दिने दिलाउने व्यवस्था गर्नुपर्ने,

२. पहिचान भई गणना भइसकेका शारीरिक रूपले हिँडडुल समेत गर्न नसक्ने पूर्ण अशक्त वा पूर्वरूपले मानसिक विक्षिप्तताको अवस्थामा रहेको अति अपाङ्गलाई उचित हेरचाह गर्ने परिवार नभएका वा सो गर्न सक्षम परिवार नभएकालाई हेरचाह गर्ने व्यक्ति समेतका लागि न्यूनतम निर्वाह भत्ताको रूपमा अवस्था अनुसार रु. ३०००/- (तीन हजार) देखि रु. ५०००/- (पाँच हजार) सम्म मासिक विशेष भत्ता उपलब्ध गराउने,

३. अपाङ्गहरूको पहिचान, वर्गीकरण र तिनिहरूको समग्र हकहित समेत हेर्ने गरी प्रत्येक जिल्लामा कम्तीमा एक जना समाज कल्याण अधिकृतको नियुक्ति गर्ने वा निजको काम गर्ने गरी नेपाल सरकारको कुनै अधिकृतलाई तोक्नु पर्ने,

४. उपरोक्त दफा १ र २ अनुसारको भत्ता र विशेष भत्ता यो आदेश प्राप्त भएको मिति देखि लागू हुने गरी आदेश प्राप्त भएको मितिले तीन महिना भित्र उपलब्ध गराउनु पर्ने,

५. यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र समाज कल्याण अधिकृत नियुक्त गरी सक्नु पर्ने,

६. उपरोक्त बमोजिमको कार्यहरु सम्पन्न गरी यो आदेश प्राप्त भएको सातौं महिना भित्र आदेश कार्यान्वयन भएको जानकारी यस अदालतलाई गराउनु पर्ने ।

उपरोक्त कार्यहरूको अतिरिक्त संविधान बमोजिम अपाङ्गका सम्बन्धमा गर्नुपर्ने अरू कल्याणकारी कार्यहरु राज्यका नीतिमा नै सीमित नरही कार्यान्वयनको प्रक्रियामा आउनु पर्छ । त्यस्ता कुराहरू ऐनमा विस्तृत रूपमा व्यवस्थित हुनुपर्छ । यसका अतिरिक्त अपाङ्ग हक हितको क्षेत्रमा देखा परेका नवीन चुनौतीहरूलाई समेत सम्बोधन गर्नु आवश्यक छ । शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सम्बन्धी विषयवस्तुलाई समावेश गरी अपाङ्ग ऐन र नियमावलीमा परिमार्जन वा पर्याप्त अध्ययन गरी अर्को एकीकृत ऐन जारी गर्नु पर्ने अवस्था रहेको छ । आज भन्दा तीन दशक पहिला बनेको ऐन र दुई दशक अगाडि बनेको नियमावलीले यस क्षेत्रका आवश्यक सबै कुराहरू एक त समेट्न सकेको छैन भने दोस्रो ती ऐन, नियमको प्रभावकारी कार्यान्वयन भइरहेको छैन ।

तसर्थ माथि विवेचना गरिएका संविधान, ऐन, नियम र महासन्धि समेतलाई दृष्टिगत गर्दा उचित समय सीमाभित्र निम्न बमोजिमका कार्यहरु क्रमशः गर्दै जान विपक्षीहरू नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको छ ।

निर्देशनात्मक आदेश जारी गरिएका विषयहरुः-

१. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ३ को प्रयोजनका लागि चिकित्सा शास्त्रका सर्वमान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्ड समेतको आधारमा शारीरिक, मानसिक र बौद्धिक अपाङ्गहरूको गणना गरी तिनीहरुको स्तर निर्धारण एवं वर्गीकरण यथाशीघ्र गर्ने, गराउने,

२. अपाङ्ग घरको निर्माण एवं सञ्चालन गर्ने । यसको लागि आगामी आर्थिक वर्ष देखिनै अपाङ्गको संख्याको आधारमा बढी अपाङ्ग भएको जिल्ला वा क्षेत्रमा योजनाबद्ध ढंगले प्रत्येक वर्ष कम्तीमा एक अपाङ्ग घरको निर्माण र सञ्चालन गर्दै जानु पर्ने,

३. ऐन र नियमले अपाङ्गहरूको आवास, शिक्षा, स्वास्थ्य, तालिम, रोजगारी र अन्य सुविधाको सम्बन्धमा गरेको व्यवस्थालाई प्रभावकारी ढंगले लागू गर्दै जाने,

४. अपाङ्ग कल्याण र सुरक्षा सम्बन्धी सरकारी र गैरसरकारी स्तरबाट गरिने क्रियाकलाप र गतिविधिको प्रभावकारी अनुगमन गर्ने गराउने उद्देश्यले मन्त्रिपरिषद् सचिवालयमा र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा अधिकृत स्तरको एक-एक अनुगमन अधिकारी नियुक्त गर्ने र तिनिहरूको काम, कर्तव्य र अधिकार पनि परिमार्जित अपाङ्ग संरक्षण तथा कल्याण ऐनमा निर्धारण गर्ने,

५. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) को प्रतिबन्धात्मक खण्ड र संविधानको भाग ४ मा राज्यको दायित्व र राज्यका नीति उल्लेख गरिए अनुसार अपाङ्गहरूका लागि विशेष व्यवस्था र कार्यक्रमको तर्जुमा गरी लागू गर्दै जानु पर्ने,

६. अपाङ्गता अधिकार र अपाङ्ग कल्याणको क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी निकायहरूको काम कारवाहीमा आवश्यकतानुसार समन्वय र सहयोगको व्यवस्था मिलाउने,

७. नेपालले अपाङ्गता सम्बन्धी महासन्धी, २००६ अनुमोदन गरी सकेको अवस्था समेतलाई विचार गरी यस क्षेत्रका विशेषज्ञ र सरोकारवालाहरू समेतसँग आवश्यक परामर्श एवम् सुझाव लिई अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली

२०५१ मा समयानुकूल संशोधन र परिमार्जन गर्ने वा नयाँ एकीकृत ऐन र सोही अनुरूपको एकीकृत नियमावली निर्माण गर्नु पर्ने।

यो आदेशको जानकारी महान्याधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई र एक प्रति फैसला सहितको जानकारी यस अदालत अनुगमन तथा निरीक्षण महाशाखालाई समेत दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।



.....
न्यायाधीश

उक्त रायमा म सहमत छु।



.....
न्यायाधीश

इजलाश अधिकृत- चुरामन खड्का
कम्प्युटर गर्ने- सरस्वती पौडेल
इति सम्बत् २०६९ साल श्रावण ३० गते रोज ३ शुभम्.....